
# बजेट कार्यान्वयन
# एवं खर्च प्रवृत्ति सम्बन्धी अध्ययन
# २०७९





प्रदेश सरकार

**अर्थ मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा

## विषयसूची


| विवरण | पृष्ठ |
|---|---|
| **परिच्छेद १ पृष्ठभूमि** | **(१-२)** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ अध्ययनको उद्देश्य | १ |
| १.३ अध्ययनको सीमा | २ |
| **परिच्छेद २ बजेट कार्यान्वयनको तथ्याङ्क विश्लेषण र प्रस्तुति** | **(३-१७)** |
| २.१ बजेटको कुल विनियोजन र खर्च | ३ |
| २.२ चालु खर्चतर्फ बजेटको विनियोजन र खर्च | ४ |
| २.३ पुँजिगततर्फ बजेटको विनियोजन र खर्च | ६ |
| २.४ वित्तीय व्यवस्थातर्फ बजेटको विनियोजन र खर्च | ७ |
| २.५ चालु खर्च र पुँजिगत खर्च प्रवृत्तिको तुलनात्मक अवस्था | ८ |
| २.६ मासिक खर्च प्रवृत्ति | ९ |
| २.७ मासिक खर्चको तुलनात्मक अवस्था | १४ |
| **परिच्छेद ३ तथ्य पहिचान, निष्कर्ष र सुझाव** | **(१८-२१)** |
| ३.१ तथ्य पहिचान | १८ |
| ३.२ निष्कर्ष | १९ |
| ३.३ सुझाव | २० |
| **अनुसूचि** | **२१** |

# परिच्छेद १

# पृष्ठभूमि

## १.१ पृष्ठभूमि

नेपालको संविधानमा व्यवस्था भए बमोजिम २०७४ मंसिर महिनामा सम्पन्न प्रदेश सभाको निर्वाचन पश्चात २०७४ फागुन ४ गते प्रदेश सरकार गठन भएको हो। प्रदेश सरकार गठन पश्चात मिति २०७५ वैशाख १९ गते प्रदेश सरकारले पहिलो बजेटको रुपमा आर्थिक वर्ष २०७४/७५ को वार्षिक बजेट ल्याइएको हो। प्रदेश सरकारले हरेक वर्ष असार १ गते सरकारको वार्षिक बजेट प्रदेश सभा समक्ष पेश गर्दै आइरहेको छ।

प्रदेश सरकारले अहिलेसम्म आर्थिक वर्ष २०७४/७५, २०७५/७६, २०७६/७७, २०७७/७८ र २०७८/७९ गरी ५ वटा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गरिसकेको छ। यद्यपि आर्थिक वर्ष २०७४/७५ को बजेट तथा कार्यक्रम प्रदेश सरकारको पहिलो बजेट तथा कार्यक्रम रहेको र प्रदेश सरकार गठन नै ढिला गरी भएको हुँदा छोटो अवधिका लागि मात्रै कार्यान्वयन गरिएको थियो। आर्थिक वर्ष २०७५/७६ बाट सबै आर्थिक वर्षमा पूर्ण बजेट कार्यान्वयन भएको छ।

प्रदेश सरकारले कार्यान्वयन गर्ने वार्षिक बजेट तथा कार्यक्रमको हरेक आर्थिक वर्षमा प्रदेश सरकार, अर्थ मन्त्रालयले मुख्य मुख्य कार्यक्रमको भौतिक र वित्तीय प्रगतिसहितको विवरण समावेश गरी वार्षिक समिक्षा पुस्तक र प्रदेश लेखा नियन्त्रक कार्यालयले एकिकृत वित्तीय विवरण प्रकाशन गर्ने गरेका छन्। उक्त विवरणमा प्रदेश सरकारको समग्र वित्तीय विवरण प्रकाशन हुने भएतापनि कार्यक्रम कार्यान्वयन र खर्चको प्रवृत्ति बिस्तृत रुपमा प्राप्त हुन सकेको छैन। बजेट कार्यान्वयनको अवस्था र खर्चको सम्बन्धमा खर्चको पूर्वानुमान, खर्च शीर्षक र मासिक खर्चको प्रवृत्ति, प्रदेश गौरवका आयोजना तथा कार्यक्रमहरूको बजेट कार्यान्वयनको अवस्था बारेमा छुट्टै विवरण प्राप्त गर्नु आवश्यक रहेको हुँदा प्रस्तुत अध्ययन गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य

प्रदेश सरकार, अर्थ मन्त्रालयबाट प्रकाशित हुने समिक्षा पुस्तिका र प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रकाशन हुने एकिकृत वित्तीय विवरणले मात्र खर्चको प्रवत्ति एकिन गर्न कठिनाई हुने गरेको छ। प्रस्तुत अध्ययनमा प्रदेश सरकारले आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९

सम्म गरेको खर्चको विवरणलाई मासिक खर्च एकिन गरि खर्चको प्रवृत्ति अध्ययन गरिनेछ। यसले प्रदेश सरकारबाट आगामि दिनमा हुने खर्चलाई प्रक्षेपण गर्न सहज हुनेछ।

## १.३ अध्ययनको सीमा

प्रस्तुत अध्ययनमा प्रदेश सरकार गठन पश्चातका सबै आर्थिक वर्षको वित्तीय विवरण समावेश गर्ने प्रयत्न गरिएको छ। वित्तीय विवरणको अभिलेख राख्नको लागि प्रदेश सरकारको नियन्त्रणमा आफ्नै छुट्टै प्रणाली विकास गरिएको छैन। आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ मा नेपाल सरकारको सहयोगमा Sub National Treasury Regulatory Application (SUTRA) मार्फत प्रदेश सरकारको बजेट तयार गरी कार्यान्वयन गरिएको थियो। आर्थिक वर्ष २०७६/७७ र त्यसपछिका बजेट नेपाल सरकारकै सहयोगमा Province Government Provincial Line Ministry Budget Information System (PLMBIS) मार्फत तयार गरी कार्यान्वयन गरिएको छ। SUTRA र PLMBIS दुवैबाट अख्तियारी दिएको भुक्तानी निकासाको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा Province Treasury Single Account (PTSA) कार्यन्वयनमा रहेको छ। आर्थिक वर्ष २०७४/७५, २०७५/७६ र २०७६/७७ मा PTSA मा खर्च शीर्षकगत मात्रै विवरण रहने व्यवस्था रहेको हुँदा सबै आर्थिक वर्षको कार्यक्रमगत विवरण समावेश गरिएको छैन।

# परिच्छेद २

## बजेट कार्यान्वयनको तथ्याङ्क विश्लेषण र प्रस्तुति

### २.१ बजेटको कुल विनियोजन र खर्च


प्रदेश सरकार गठन भएपश्चात आर्थिक वर्ष २०७४/७५ देखिको प्रदेश सरकारले कार्यान्वयन गरेका बजेट तथा कार्यक्रमको कुल विनियोजन र खर्च निम्नानुसार रहेको छ।

(रू. हजारमा)

| क्र.सं. | आर्थिक वर्ष | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | २०७४/७५ | १०२०५०० | २९५४३२ | २८.९५ |
| २. | २०७५/७६ | २४०२३३४८ | १३९२८०३० | ५७.९८ |
| ३. | २०७६/७७ | ३२१३४७९२ | २०४१३६१७ | ६३.५२ |
| ४. | २०७७/७८ | ३४८४२१६० | २५६५३८२१ | ७३.६३ |

प्रदेश सरकार गठनको पहिलो वर्ष कार्यान्वयनमा ल्याइएको आर्थिक वर्ष २०७४/७५ को बजेट तथा कार्यक्रम आर्थिक वर्षको अन्तिम चौमासिक (२०७५ वैशाख १९) गते ल्याइएको थियो। आर्थिक वर्ष २०७४/७५ मा रू. १ अर्ब २ करोड ५ लाख बजेट विनियोजन गरिएकोमा रू. २९ करोड ५४ लाख ३२ हजार अर्थात विनियोजनको २८.९५ प्रतिशत बजेट कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०७५/७६ मा रू. २४ अर्ब २ करोड ३३ लाख ४८ हजार बजेट विनियोजन गरिएकोमा रू. १३ अर्ब ९२ करोड ८० लाख ३० हजार अर्थात विनियोजनको ५७.९८ प्रतिशत बजेट कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०७६/७७ मा रू. ३२ अर्ब १३ करोड ४७ लाख ९२ हजार बजेट विनियोजन गरिएकोमा रू. २० अर्ब ४१ करोड ३६ लाख १७ हजार अर्थात विनियोजनको ६३.५२ प्रतिशत बजेट कार्यान्वयन गरिएको छ। त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा रू. ३४ अर्ब ८४ करोड २१ लाख ६० हजार बजेट विनियोजन गरिएकोमा रू. २५ अर्ब ६५ करोड ३८ लाख २१ हजार अर्थात विनियोजनको ७३.६३ प्रतिशत बजेट कार्यान्वयन गरिएको छ।

बजेटको विनियोजन र कार्यान्वयनको अवस्थालाई तलको रेखाचित्रमा देखाइएको छ।




आर्थिक वर्ष २०७४/७५ देखि हरेक आर्थिक वर्षमा बजेट विनियोजन र खर्च दुवैमा वृद्दि हुँदै गइरहेको छ। प्रदेश सरकारले पूर्ण बजेट कार्यान्वयनमा ल्याएको आर्थिक वर्ष २०७५/७६ लाई आधार वर्षको रुपमा लिँदा बजेट विनियोजन र कार्यान्वयनमा खर्चको प्रतिशत अघिल्लो आर्थिक वर्षभन्दा २०७६/७७ मा ९.५६ प्रतिशत र आर्थिक वर्ष २०७७/७८ मा १५.९२ प्रतिशत बढी बजेट कार्यान्वयन भएको देखिन्छ। यसबाट प्रदेश सरकारको बजेट कार्यन्वयनको अवस्था सुदृढ हुँदै गइरहेको देखिन्छ।

## २.२ चालु खर्चतर्फ बजेटको विनियोजन र खर्च


आर्थिक वर्ष २०७४/७५ देखिको प्रदेश सरकारले कार्यान्वयन गरेका बजेट तथा कार्यक्रममा चालु खर्चतर्फको बजेट विनियोजन र खर्च निम्नानुसार रहेको छ।

(रू. हजारमा)

| क्र.सं. | आर्थिक वर्ष | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | २०७४/७५ | ४८०३७५ | १४४७९५ | ३०.१४ |
| २. | २०७५/७६ | ८११५५१५ | ५२११०३० | ६४.२१ |
| ३. | २०७६/७७ | १२२८५७७२ | ६४२६९२१ | ५२.३१ |
| ४. | २०७७/७८ | १४३४२६८४ | ८०४९०३३ | ५६.१२ |

आर्थिक वर्ष २०७४/७५ मा चालु खर्चतर्फ रू. ४८ करोड ३ लाख ७५ हजार अर्थात विनियोजनको ३०.१४ प्रतिशत बजेट कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०७५/७६ मा रू. ८ अर्ब ११ करोड ५५ लाख १५ हजार बजेट विनियोजन गरिएकोमा रू. ५ अर्ब २१ करोड १० लाख ३० हजार अर्थात विनियोजनको ६४.२१ प्रतिशत बजेट कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०७६/७७ मा रू. १२ अर्ब २८ करोड ५७ लाख ७२ हजार बजेट विनियोजन गरिएकोमा रू. ६ अर्ब ४२ करोड ६९ लाख २१ हजार अर्थात विनियोजनको ५२.३१ प्रतिशत बजेट कार्यान्वयन गरिएको छ। त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा रू. १४ अर्ब ३४ करोड २६ लाख ८४ हजार बजेट विनियोजन गरिएकोमा रू. ८ अर्ब ४ करोड ९० लाख ३३ हजार अर्थात विनियोजनको ५६.१२ प्रतिशत बजेट कार्यान्वयन गरिएको छ।

चालु खर्चतर्फ बजेटको विनियोजन र कार्यान्वयनको अवस्थालाई तलको रेखाचित्रमा देखाइएको छ।




आर्थिक वर्ष २०७४/७५ देखि हरेक आर्थिक वर्षमा चालु खर्चतर्फको बजेट विनियोजन र खर्च रकम दुवैमा वृद्दि हुँदै गइरहेको छ। प्रदेश सरकारले पूर्ण बजेट कार्यान्वयनमा ल्याएको आर्थिक वर्ष २०७५/७६ लाई आधार वर्षको रुपमा लिँदा बजेट विनियोजन र कार्यान्वयनमा खर्च रकम दुवै बढ्दै गइरहेको देखिन्छ। यद्यपि चालु खर्चतर्फ बजेट विनियोजन र खर्च प्रतिशतको अनुपात भने आर्थिक वर्ष २०७६/७७ मा घटेको छ। आर्थिक वर्ष २०७५/७६ भन्दा आर्थिक वर्ष २०७६/७७ मा विनियोजनको अनुपातमा १८.५३ प्रतिशतले कमी खर्च भएको छ भने आर्थिक

वर्ष २०७६/७७ मा भनत्दा आर्थिक वर्ष २०७७/७८ मा विनियोजनको अनुपातमा ७.२८ प्रतिशतले बढी खर्च भएको छ।

## २.३ पुँजिगततर्फ बजेटको विनियोजन र खर्च


आर्थिक वर्ष २०७४/७५ देखिको प्रदेश सरकारले कार्यान्वयन गरेका बजेट तथा कार्यक्रममा पुँजिगत खर्चतर्फको बजेट विनियोजन र खर्च निम्नानुसार रहेको छ।

(रू. हजारमा)

| क्र.सं. | आर्थिक वर्ष | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | २०७४/७५ | ५४०१२५ | १५०६३७ | २७.८९ |
| २. | २०७५/७६ | १५९०७८३३ | ८७१७००० | ५४.८० |
| ३. | २०७६/७७ | १९८४९०२० | १३९८६६९६ | ७०.४७ |
| ४. | २०७७/७८ | १९९९४७६ | १७६०४७८८ | ८८.०३ |

आर्थिक वर्ष २०७४/७५ मा पुँजिगत खर्चतर्फ रू. ५४ करोड १ लाख २५ हजार अर्थात विनियोजनको २७.८९ प्रतिशत बजेट कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०७५/७६ मा रू. १५ अर्ब ९० करोड ७८ लाख ३३ हजार बजेट विनियोजन गरिएकोमा रू. ८ अर्ब ७१ करोड ७० लाख अर्थात विनियोजनको ५४.८० प्रतिशत बजेट कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०७६/७७ मा रू. १९ अर्ब ८४ करोड ९० लाख २० हजार बजेट विनियोजन गरिएकोमा रू. १३ अर्ब ९८ करोड ६६ लाख ९६ हजार अर्थात विनियोजनको ७०.४७ प्रतिशत बजेट कार्यान्वयन गरिएको छ। त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा रू. १९ अर्ब ९९ करोड ९४ लाख ७६ हजार बजेट विनियोजन गरिएकोमा रू. १७ अर्ब ६० करोड ४७ लाख ८९ हजार अर्थात विनियोजनको ८८.०३ प्रतिशत बजेट कार्यान्वयन गरिएको छ।

पुँजिगत खर्चतर्फ बजेटको विनियोजन र कार्यान्वयनको अवस्थालाई तलको रेखाचित्रमा देखाइएको छ।




आर्थिक वर्ष २०७४/७५ देखि हरेक आर्थिक वर्षमा पुँजिगत खर्चतर्फको बजेट विनियोजन र खर्च रकम दुवैमा वृद्दि हुँदै गइरहेको छ। प्रदेश सरकारले पूर्ण बजेट कार्यान्वयनमा ल्याएको आर्थिक वर्ष २०७५/७६ लाई आधार वर्षको रुपमा लिँदा बजेट विनियोजन र कार्यान्वयनमा खर्च रकम दुवै बढ्दै गइरहेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ भन्दा आर्थिक वर्ष २०७६/७७ मा विनियोजनको अनुपातमा २८.५९ प्रतिशतले र आर्थिक वर्ष २०७६/७७ मा भन्दा आर्थिक वर्ष २०७७/७८ मा विनियोजनको अनुपातमा २४.९२ प्रतिशतले बढी खर्च भएको छ। यसबाट प्रदेश सरकारको पुँजिगत खर्च गर्ने बजेट कार्यन्वयनको अवस्था सुदृढ हुँदै गइरहेको देखिन्छ।

## २.४ वित्तीय व्यवस्थातर्फ बजेटको विनियोजन र खर्च

आर्थिक वर्ष २०७४/७५ देखिको प्रदेश सरकारले कार्यान्वयन गरेका बजेट तथा कार्यक्रममा वित्तीय व्यवस्थातर्फको बजेट विनियोजन र खर्च निम्नानुसार रहेको छ।

(रू. हजारमा)

| क्र.सं. | आर्थिक वर्ष | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | २०७७/७८ | ५०००० | ० | ०.०० |
| २. | २०७८/७९ | २४००० | ० | ०.०० |

वित्तीय व्यवस्थातर्फ प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ बाट बजेट विनियोजन गर्न सुरू गरेको हो। आर्थिक वर्ष २०७७/७८ मा रू. ५० करोड विनियोजन गरेको प्रदेश सरकारले

आर्थिक वर्ष २०७८/७९ मा रू. २४ करोड विनियोजन गरेको छ। यद्यपि यी आर्थिक वर्षमा वित्तिय व्यवस्थातर्फको कुनै पनि बजेट खर्च हुन सकेको छैन।


## २.५ चालु खर्च र पुँजिगत खर्च प्रवृत्तिको तुलनात्मक अवस्था

आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७७/७८ सम्म भएको खर्चको चालु र पुँजिगत खर्चतर्फको खर्च प्रवृत्ति निम्नानुसार रहेको छ।

(प्रतिशतमा)

| क्र.सं. | आर्थिक वर्ष | चालु | पुँजिगत | चालु खर्च अनुपातमा पुँजिगत खर्च |
|---|---|---|---|---|
| १. | २०७४/७५ | ३०.१४ | २७.८९ | (७.४७) |
| २. | २०७५/७६ | ६४.२१ | ५४.८० | (१४.६६) |
| ३. | २०७६/७७ | ५२.३१ | ७०.४७ | ३४.७२ |
| ४. | २०७७/७८ | ५६.१२ | ८८.०३ | ५६.८६ |

आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष २०७५/७६ मा चालु खर्च भन्दा पुँजिगत खर्च क्रमशः ७.४७ र १४.६६ प्रतिशतले बढी रहेको छ। तत्पश्चातका आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा चालु भन्दा पुँजिगत खर्च क्रमशः ३४.७२ र ५६.८६ प्रतिशतले बढी रहेको छ। चालु र पुँजिगत खर्चको अनुपातलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छ।



चालु खर्चतर्फको खर्च प्रतिशत २०७४/७५ र २०७५/७६ मा बढ्दो क्रममा रहेपनि २०७६/७७ मा घटेको छ भने आर्थिक वर्ष २०७७/७८ मा सामान्य वृद्दि भएको छ। पुँजिगत खर्च भने आर्थिक वर्ष २०७४/७५ देखि नै क्रमशः उस्तै अनुपातमा वृद्धि हुँदै गइरहेको छ। यसबाट प्रदेश सरकारको बजेट विनियोजनमा चालु र पुँजिगत कार्यक्रम विनियोजन हुने शीर्षकगत बजेटमा सुधार भएको देखिनुका साथै खर्चमा पनि पुँजिगत खर्चतर्फ उल्लेख्य सुधार भएको देखिन्छ।

## २.६ मासिक खर्च प्रवृत्ति

### २.६.१ आर्थिक वर्ष २०७५/७६ को मासिक खर्च प्रवृत्ति

आर्थिक वर्ष २०७५/७६ मा कुल विनियोजन रू.२४ अर्ब २ करोड ३३ लाख ४८ हजार रहेकोमा रू. १३ अर्ब ९२ करोड ८० लाख ३० हजार खर्च भएको छ। यस आर्थिक वर्षमा भएको खर्चको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।

(रू. हजारमा)

| क्र.सं. | अवधि | यस अवधिसम्मको खर्च | | | विनियोजन मध्ये यस महिनासम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | | चालु | पुँजिगत | जम्मा | |
| १. | पहिलो अर्धवार्षिक (पुस) | ७२८६४२ | ३९०११६ | १११८७५८ | ४.६६ |
| २. | दोस्रो चौमासिक (फागुन) | १३५२२२१ | १२४३६२१ | २५९५८४२ | १०.८१ |
| ३. | असार | ५२११०३० | ८७१७००० | १३९२८०३० | ५७.९८ |

आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण मासिक रुपमा अभिलेखिकरण नगरिएको हुँदा पहिलो अर्धवार्षिक अवधि, दोस्रो चौमासिक अवधि र असार मसान्तसम्म अवधिको खर्च विवरणलाई तालिकामा उल्लेख गरिएको छ। दोस्रो चौमासिकसम्म विनियोजनको १०.८१ प्रतिशत मात्रै खर्च भएकोमा असार अन्तिम चौमासिकसम्म ५७.९८ प्रतिशत खर्च भएको छ।

### २.६.२ आर्थिक वर्ष २०७६/७७ को मासिक खर्च प्रवृत्ति


आर्थिक वर्ष २०७६/७७ मा कुल विनियोजन रू. ३२ अर्ब १३ करोड ४७ लाख ९० हजार रहेकोमा रू. २० अर्ब ४१ करोड ३६ लाख १७ हजार खर्च भएको छ। यस आर्थिक वर्षमा मासिक रुपमा भएको खर्चको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।

(रू. हजारमा)

| क्र.सं. | महिना | यस महिनाको खर्च | जम्मा खर्च | विनियोजन मध्ये यस महिनासम्मको खर्च प्रतिशत | खर्च मध्ये यस महिनाको खर्च भार प्रतिशत |
|---|---|---|---|---|---|
| १. | साउन | ० | ० | ०.०० | ०.०० |
| २. | भदौ | ० | ० | ०.०० | ०.०० |
| ३. | असोज | १३६९६२८ | १३६९६२८ | ४.२६ | ६.७१ |
| ४. | कात्तिक | ७८४३३१ | २१५३९५९ | ६.७० | ३.८४ |
| ५. | मंसिर | ६६२७०४ | २८१६६६३ | ८.७७ | ३.२५ |
| ६. | पौष | १९१०३७७ | ४७२७०४० | १४.७१ | ९.३६ |
| ७. | माघ | १३८९०८८ | ६११६१२८ | १९.०३ | ६.८० |
| ८. | फागुन | १८७८६२१ | ७९९४७४९ | २४.८८ | ९.२० |
| ९. | चैत | ८२८७१५ | ८८२३४६४ | २७.४६ | ४.०६ |
| १०. | वैशाख | १०६१७०६ | ९८८५१७० | ३०.७६ | ५.२० |
| ११. | जेठ | २१६७०४६ | १२०५२२१६ | ३७.५१ | १०.६२ |
| १२. | असार | ८३६१४०१ | २०४१३६१७ | ६३.५२ | ४०.९६ |

आर्थिक वर्ष २०७६/७७ मा साउन र भदौ महिनामा कुनै पनि खर्च भएको छैन। उक्त महिनामा भएको खर्च असोज महिनामा नै समावेश गरिएको छ। PLMBIS मा अख्तियारि मिलाउने, TSA सँग PLMBIS को तथ्याङ्क मिलाउनुपर्ने लगायतको प्राविधिक काम नेपाल सरकारसँगको समन्वयमा गर्नुपर्ने हुँदा साउन र भदौ महिनामा कुनै पनि रकम खर्च लेखिएको छैन। वैशाख महिनासम्म हरेक महिनाको खर्च भार महिनागत रुपमा १० प्रतिशतभन्दा कम रहेको छ। असार महिनामा कुल खर्च मध्ये ४०.९६ प्रतिशत खर्च भएको छ। प्रदेश

सरकारबाट यस आर्थिक वर्षमा भएको खर्चको प्रवृत्तिलाई निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ।




## २.६.३ आर्थिक वर्ष २०७७/७८ को मासिक खर्च प्रवृत्ति


आर्थिक वर्ष २०७७/७८ मा कुल विनियोजन रू.३४ अर्ब ८४ करोड २१ लाख ६० हजार रहेकोमा रू. २५ अर्ब ६५ करोड ३८ लाख २१ हजार खर्च भएको छ। यस आर्थिक वर्षमा मासिक रुपमा भएको खर्चको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।

(रू. हजारमा)

| क्र.सं. | महिना | यस महिनाको खर्च | जम्मा खर्च | विनियोजन मध्ये यस महिनासम्मको खर्च प्रतिशत | खर्च मध्ये यस महिनाको खर्च भार प्रतिशत |
|---|---|---|---|---|---|
| १. | साउन | ० | ० | ०.०० | ०.०० |
| २. | भदौ | १८२४५७ | १८२४५७ | ०.५२ | ०.७१ |
| ३. | असोज | १०९८७९९ | १२८१२५६ | ३.६८ | ४.२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | कात्तिक | १३६३१८० | २६४४४३६ | ७.५९ | ५.३१ |
| ५. | मंसिर | ८३८९४४ | ३४८३३८० | १०.०० | ३.२७ |
| ६. | पौष | १७८७२७१ | ५२७०६५१ | १५.१३ | ६.९७ |
| ७. | माघ | ११३६८६३ | ६४०७५१४ | १८.३९ | ४.४३ |
| ८. | फागुन | २२१८५६९ | ८६२६०८३ | २४.७६ | ८.६५ |
| ९. | चैत | २२३८६०९ | १०८६४६९२ | ३१.१८ | ८.७३ |
| १०. | वैशाख | २२९१८१५ | १३१५६५०७ | ३७.७६ | ८.९३ |
| ११. | जेठ | २४०२६४९ | १५५५९१५६ | ४४.६६ | ९.३७ |
| १२. | असार | १००९४६६५ | २५६५३८२१ | ७३.६३ | ३९.३५ |

आर्थिक वर्ष २०७७/७८ मा साउन महिनामा कुनै पनि खर्च भएको छैन। PLMBIS मा अख्तियारि मिलाउने, CGAS र TSA सँग PLMBIS को तथ्याङ्क मिलाउनुपर्ने लगायतको प्राविधिक काम गर्नुपर्ने हुँदा साउन महिनामा कुनै पनि रकम खर्च लेखिएको छैन। भदौ महिनाको खर्च १ प्रतिशतभन्दा कम छ भने असोजदेखि जेठ महिनासम्म पनि हरेक महिनाको खर्च भार महिनागत रुपमा १० प्रतिशतभन्दा कम रहेको छ। असार महिनामा कुल खर्च मध्ये ३९.३५ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारबाट भएको खर्चको प्रवृत्तिलाई निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ।



### २.६.४ आर्थिक वर्ष २०७८/७९ को मासिक खर्च प्रवृत्ति

आर्थिक वर्ष २०७८/७९ मा कुल विनियोजन रू.३० अर्ब ५ करोड ६७ लाख रहेकोमा जेठ मसान्तसम्मको अवधिमा रू. १३ अर्ब ९७ करोड ८५ लाख ९४ हजार खर्च भएको छ। यस आर्थिक वर्षमा मासिक रुपमा भएको खर्चको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।


(रू. हजारमा)

| क्र.सं. | महिना | यस महिनाको खर्च | जम्मा खर्च | विनियोजन मध्ये यस महिनासम्मको खर्च प्रतिशत | खर्च मध्ये यस महिनाको खर्च भार प्रतिशत |
|---|---|---|---|---|---|
| १. | साउन | ११६ | ११६ | ०.०० | ०.०० |
| २. | भदौ | ६३४८१५ | ६३४९३१ | २.११ | २.८७ |
| ३. | असोज | १३१९५९२ | १९५४५२३ | ६.५० | ५.९६ |
| ४. | कात्तिक | ५५२९४८ | २५०७४७१ | ८.३४ | २.५० |
| ५. | मंसिर | ९८४४४८ | ३४९१९१९ | ११.६२ | ४.४५ |
| ६. | पौष | १३०५४७४ | ४७९७३९३ | १५.९६ | ५.९० |
| ७. | माघ | १२८३१५८ | ६०८०५५१ | २०.२३ | ५.८० |
| ८. | फागुन | १६८८६३६ | ७७६९१८७ | २५.८५ | ७.६३ |
| ९. | चैत | २०३१८७९ | ९८०१०६६ | ३२.६१ | ९.१८ |
| १०. | वैशाख | १६७९५४९ | ११४८०६१५ | ३८.२० | ७.५९ |
| ११. | जेठ | २४९७९७९ | १३९७८५९४ | ४६.५१ | ११.२९ |
| १२. | असार | ८१५२१५४* | २२१३०७४८* | ७३.६३* | ३६.८४* |

**आर्थिक वर्ष २०७७/७८ को खर्च प्रतिशतका आधारमा अनुमान गरिएको।*

आर्थिक वर्ष २०७८/७९ मा साउन महिनामा नगन्य मात्रै खर्च भएको छ। वैशाख महिनासम्म हरेक महिनाको खर्च भार महिनागत रुपमा १० प्रतिशतभन्दा कम रहेको छ भने जेठ महिनामा ११.२९ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०७७/७८ मा भएको कुल खर्चको खर्च प्रतिशत ७३.६३ लाई आधार मान्दा यस आर्थिक वर्षमा पनि असार महिनामा कुल खर्च मध्ये

६३.८४ प्रतिशत खर्च असार महिनामा मात्रै हुने देखिन्छ। प्रदेश सरकारबाट भएको खर्चको प्रवृत्तिलाई निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ।




## २.७ मासिक खर्चको तुलनात्मक अवस्था

### २.७.१ विनियोजनका आधारमा मासिक खर्च प्रवृत्ति

आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा क्रमशः रू. ३२ अर्ब १३ करोड ४७ लाख ९२ हजार, रू. ३४ अर्ब ८४ करोड २१ लाख ६० हजार र रू. ३० अर्ब ५ करोड ६७ लाख बजेट विनियोजन गरिएको छ। उक्त बजेट कार्यान्वयनका क्रममा मासिक खर्चको खर्च प्रतिशतलाई निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ।


(प्रतिशतमा)

| क्र.सं. | महिना | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १. | साउन | ०.०० | ०.०० | ०.०० |
| २. | भदौ | ०.०० | ०.५२ | २.११ |
| ३. | असोज | ४.२६ | ३.६८ | ६.५० |

| | | | | |
|---|---|---|---|---|
| ४. | कात्तिक | ६.७० | ७.५९ | ८.३४ |
| ५. | मंसिर | ८.७७ | १०.०० | ११.६२ |
| ६. | पौष | १४.७१ | १५.१३ | १५.९६ |
| ७. | माघ | १९.०३ | १८.३९ | २०.२३ |
| ८. | फागुन | २४.८८ | २४.७६ | २५.८५ |
| ९. | चैत | २७.४६ | ३१.१८ | ३२.६१ |
| १०. | वैशाख | ३०.७६ | ३७.७६ | ३८.२० |
| ११. | जेठ | ३७.५१ | ४४.६६ | ४६.५१ |
| १२. | असार | ६३.५२ | ७३.६३ | ७३.६३* |

**आर्थिक वर्ष २०७७/७८ को खर्च प्रतिशतका आधारमा अनुमान गरिएको।*

विनियोजनका आधारमा मासिक रुपमा भएको खर्चको प्रवत्ति अनुमान गर्न पूर्ण बजेट कार्यान्वयन भएका आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ लाई लिइएको छ। सबै आर्थिक वर्षमा आर्थिक वर्षको सुरु साउन महिनामा खर्च हुन सकेको पाइदैन। खर्चको अधिकांश हिस्सा आर्थिक वर्षको अन्तिम महिना असारमा भएको देखिन्छ। मासिक रुपमा भएको खर्चलाई निम्नानुसार रेखाचित्रमा देखाइएको छ।



सबै आर्थिक वर्षमा खर्च हुने प्रवृत्ति हेर्दा लगभग उस्तै देखिएको छ। आर्थिक वर्षको सुरुबाट नै खर्चमा सुस्तता देखिने र दोस्रो चौमासिकबाट केही तिब्रता लिएपनि उल्लेख्य खर्च भएको पाइदैन। असारमा मात्रै अधिकांश बजेटको खर्च हुने प्रवृत्ति सबै आर्थिक वर्षमा देखिएको छ। विनियोजन भएको कुल रकम मध्ये आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा क्रमशः ६३.५२ प्रतिशत, ७३.६३ प्रतिशत र ७३.६३ (अनुमानित) खर्च भए पनि खर्च मध्येको करिब ४० प्रतिशत बजेट असार महिनामा मात्रै खर्च भएको देखिन्छ।

### २.७.२ कुल खर्चका आधारमा मासिक खर्च प्रवृत्ति

आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ क्रमशः रू. २० अर्ब ४१ करोड ३६ लाख १७ हजार र रू. २५ अर्ब ६५ करोड ३८ लाख २१ हजार खर्च भएको छ। आर्थिक वर्ष २०७७/७८ र चालु आर्थिक वर्षको जेठ महिनासम्मको खर्चलाई आधार मान्दा रू. २२ अर्ब १३ करोड ७ लाख ४८ हजार बजेट खर्च हुने अनुमान गरिएको छ। उक्त खर्चको मासिक खर्च भारलाई निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ।


(प्रतिशतमा)

| क्र.सं. | महिना | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १. | साउन | ०.०० | ०.०० | ०.०० |
| २. | भदौ | ०.०० | ०.७१ | २.८७ |
| ३. | असोज | ६.७१ | ४.२८ | ५.९६ |
| ४. | कात्तिक | ३.८४ | ५.३१ | २.५० |
| ५. | मंसिर | ३.२५ | ३.२७ | ४.४५ |
| ६. | पौष | ९.३६ | ६.९७ | ५.९० |
| ७. | माघ | ६.८० | ४.४३ | ५.८० |
| ८. | फागुन | ९.२० | ८.६५ | ७.६३ |
| ९. | चैत | ४.०६ | ८.७३ | ९.१८ |
| १०. | वैशाख | ५.२० | ८.९३ | ७.५९ |
| ११. | जेठ | १०.६२ | ९.३७ | ११.२९ |

| | | | | |
|---|---|---|---|---|
| १२. | असार | ४०.९६ | ३९.३५ | ३६.८४* |

**आर्थिक वर्ष २०७७/७८ को खर्च प्रतिशतका आधारमा अनुमान गरिएको।*

मासिक खर्चका आधारमा मासिक खर्चको प्रवत्ति अनुमान गर्न पूर्ण बजेट कार्यान्वयन भएका आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ लाई लिइएको छ। सबै आर्थिक वर्षमा आर्थिक वर्षको सुरु साउन महिनामा खर्च हुन सकेको पाइदैन। खर्चको अधिकांश हिस्सा आर्थिक वर्षको अन्तिम महिना असारमा भएको देखिन्छ। मासिक रुपमा भएको खर्चको भारलाई निम्नानुसार रेखाचित्रमा देखाइएको छ।




सबै आर्थिक वर्षमा खर्च हुने प्रवृत्ति हेर्दा लगभग उस्तै देखिएको छ। आर्थिक वर्षको सुरुबाट नै खर्चमा सुस्तता देखिने र दोस्रो चौमासिकबाट केही तिब्रता लिएपनि उल्लेख्य खर्च भएको पाइदैन। असारमा मात्रै अधिकांश बजेटको खर्च हुने प्रवृत्ति सबै आर्थिक वर्षमा देखिएको छ। खर्च भएको कुल रकम मध्ये आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा क्रमशः ४०.९६ प्रतिशत, ३९.३५ प्रतिशत र ३६.८४ (अनुमानित) खर्चभार असारमा मात्रै रहेको छ।

# परिच्छेद ३

## तथ्य पहिचान, निष्कर्ष र सुझाव

### ३.१ तथ्य पहिचान

प्रदेश सरकार गठन पश्चातका आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ सम्मका विभिन्न ५ वटा आर्थिक वर्षमा भएको बजेट कार्यान्वयनको अवस्थालाई लिएर प्रस्तुत अध्ययन गरिएको छ। प्रस्तुत अध्ययनको क्रममा परिच्छेद दुईको बजेट कार्यान्वयननको तथ्याङ्क विश्लेषण र प्रस्तुतिबाट निम्नानुसारको तथ्य पहिचान गरिएको छ।

क. प्रदेश सरकारबाट आर्थिक वर्ष २०७४/७५ मा २८.९५ प्रतिशत मात्रै बजेट खर्च भएकोमा प्रत्येक आर्थिक वर्षमा क्रमशः बढ्दै आर्थिक वर्ष २०७७/७८ मा आइपुग्दा ७३.६३ प्रतिशत बजेट खर्च भएको छ।

ख. प्रदेश सरकारले बजेट विनियोजन गर्दा चालु र पुँजिगत प्रकृतिका कार्यक्रम छनौटमा सुधार हुँदै गएको छ। प्रदेश सरकारको पुँजिगत बजेट चालु खर्चको लागि विनियोजन गरेको बजेट भन्दा हरेक आर्थिक वर्षमा धेरै रहेको छ।

ग. आर्थिक वर्ष २०७४/७५, २०७५/७६, २०७६/७७ र २०७७/७८ मा चालुतर्फ विनियोजनको क्रमशः ३०.१४, ६४.२१, ५२.३१ र ५६.१२ प्रतिशत बजेट खर्च भएकोमा पुँजिगततर्फ क्रमशः २७.८९, ५४.८०, ७०.४७ र ८८.०३ प्रतिशत बजेट खर्च भएको छ।

घ. आर्थिक वर्ष २०७७/७८ बाट बजेट मार्फत प्रदेश सरकारले वित्तीय लगानीको लागि वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन गरेको छ। यद्यपि सो मध्येको कुनै पनि रकम खर्च हुन सकेको छैन।

ङ. आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ मा पुँजिगत खर्च भन्दा चालुतर्फ क्रमशः ७.४७ र १४.६६ प्रतिशतले बढी खर्च भएको छ। आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा चालुतर्फ भन्दा पुँजिगत खर्च क्रमशः ३४.७२ र ५६.८६ प्रतिशतले बढी खर्च भएको छ।

च. आर्थिक वर्षको सुरु २ महिना साउन र भदौमा नियमित प्रशासनिक बाहेक अन्य खर्च हुने गरेको देखिंदैन। आर्थिक वर्ष २०७७/७८ मा ०.५२ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा २.११ प्रतिशत खर्च भाद्र महिनामा भएको छ। साउन महिनामा हिसाब मिलान लगायतका प्राविधिक कारणले खर्च लेख्न नसकिने भएको हुँदा भाद्र महिनाको खर्चमा साउन महिनाको खर्चसमेत जोडिएको छ।

छ. सबै आर्थिक वर्षमा पहिलो चौमासिक सम्मको खर्च १० प्रतिशतभन्दा कम रहेको छ भने दोस्रो चौमासिकसम्ममा पनि सो रकम करिब २५ प्रतिशत रहेको छ।

ज. विनियोजित बजेट मध्ये करिब ४५ प्रतिशत रकम जेठ महिनाको अन्तिमसम्म खर्च हुने र बाँकी खर्च असार महिनामा मात्रै खर्च भएको छ।

झ. जम्मा खर्च मध्ये करिब ४० प्रतिशत खर्च भार असार महिनामा मात्रै रहेको छ। पहिलो चौमासिकमा औषतमा मासिक ३ प्रतिशत र दोस्रो चौमासिकमा औषतमा मासिक ५ प्रतिशत खर्च हुने गरेको छ।

## ३.२ निष्कर्ष

प्रस्तुत अध्ययनका क्रममा पहिचान भएको तथ्य विश्लेषणका आधारमा प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदामा उल्लेख गरिएको छ।

क. प्रदेश सरकार गठन पश्चात हरेक आर्थिक वर्षमा प्रदेश सरकारको बजेट कार्यान्वयनमा प्रभावकारीता बढ्दै गइरहेको देखिन्छ। प्रदेश सरकारमा कर्मचारी व्यवस्थापन, बजेट निर्माण र कार्यान्वयनमा अनुभव बढ्दै जाँदा बजेट खर्चमा पनि वृद्धि हुँदै गएको हो।

ख. पूर्ण बजेट कार्यान्वयनको पहिलो आर्थिक वर्ष २०७५/७६ मा चालुतर्फ पुँजिगत भन्दा बढि खर्च भएकोमा तत्पश्चातका आर्थिक वर्षमा चालुतर्फ भन्दा पुँजिगत खर्च बढि हुने गरेको देखिन्छ। यसले प्रदेश सरकारले बजेट विनियोजन र खर्चमा पुँजिगत कार्यक्रमलाई प्राथमकिताका साथ कार्यान्वयनमा तिब्रता दिने गरेको देखिन्छ।

ग. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७७ को सकरात्मक प्रभाव बजेट कार्यान्वयनमा देखिएको छ। प्रदेश सरकारको सार्वजनिक क्षेत्रमा खर्च गर्ने क्षमतामा देखिएको सुधारलाई बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७७ को प्रभावकारी कार्यान्वयन पनि एउटा कारण मान्न सकिन्छ।

घ. वित्तीय लगानीको लागि स्पष्ट क्षेत्र, आयोजना र लगानीको मोडल पहिचान नभई वित्तीय व्यवस्थामा बजेट विनियोजन हुँदा सो शीर्षकमा विनियोजित बजेट खर्च हुन सकेको छैन।

ङ. आर्थिक वर्षमा मासिक खर्च भार जम्मा खर्चको ५ देखि १० प्रतिशत रहने गरेकोमा असार महिनामा मात्रै करिब ४० प्रतिशत खर्च भएको देखिन्छ। विभिन्न कार्यक्रम तथा आयोजनामा विनियोजित बजेट आर्थिक वर्षको सुरुबाट नै कार्यान्वयनमा गएपनि कार्य सम्पन्न नभई पूर्ण भुक्तानी नहुने भएकोले असार महिनामा खर्चको चाप बढी हुन गएको देखिन्छ।

## ३.३ सुझाव

प्रदेश सरकारले गर्ने सार्वजनिक खर्चको अध्ययनका क्रममा पहिचान भएका तथ्यको विश्लेषण र निष्कर्ष आधार मानेर प्रदेश सरकार र सम्बद्ध निकायको लागि सुझाव बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ।

क. वार्षिक खर्च विनियोजनको करिब ७५ प्रतिशत रहेकोमा पुँजिगत खर्चको हिस्स ठुलो रहेको छ। चालु खर्चतर्फ विनियोजनका तुलनामा कम खर्च भएको हुँदा चालुतर्फका कार्यक्रममा बजेट कार्यान्वयन प्रभावकारी हुन सकेमा खर्च प्रतिशतमा सुधार गर्न सकिन्छ।

ख. क्रमागत र सालबसाली आयोजनाको हरेक वर्ष ठेक्का लगाउनुपर्ने, आर्थिक वर्षको सुरुका महिनामा ठेक्का सम्झौता लगायतका कार्य गर्नुपर्ने, सो कार्य उही आयोजनाको लागि पनि हरेक वर्ष गरिरहनु पर्ने जस्ता कारणले सुरु महिनामा खर्च नहुने तर आर्थिक वर्षको अन्तिममा खर्चमा चाप पर्न गरेको देखिन्छ। एकैवर्षमा सम्पन्न नहुने आयोजनामा सबै कामको लागि एकैपटक ठेक्का सम्झौता गरी कार्य गराउन सके हरेक वर्ष ठेक्काको झन्झट नहुने र कार्य प्रगतिका आधारमा आर्थिक वर्षको जुनसुकै समयमा पनि भुक्तानी हुन सक्ने अवस्था रहन्छ।

ग. बहुवर्षीय आयोजनाको भुक्तानी वर्षको अन्तिममा मात्रै नगरी कार्य प्रगतिका आधारमा आर्थिक वर्षको सुरुबाट नै हुन सकेमा आर्थिक वर्षको अन्त्यमा हुने खर्चको चापलाई कम गर्न सकिन्छ।

घ. प्रदेश सरकारले लगानीको क्षेत्र पहिचान गरी आयोजना र लगानी मोडल एकिन गरेर मात्रै वित्तीय व्यवस्थामा बजेट विनियोजन गरेमा वित्तीय व्यवस्थाको बजेट पनि उपयोग हुनेछ।

ङ. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७७ लाई थप परिमार्जन गरी कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ। एकिकृत कार्यविधि हुँदा आयोजना तथा कार्यक्रम कार्यान्वयनमा एकरुपता आउने र बजेट कार्यान्वयनमा तिब्रता आई प्रभावकारिता समेत बढ्न जान्छ।

## अनुसुची १

## आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ सम्मको खर्चको विस्तृत विवरण

| क्र.सं. | महिना | आर्थिक वर्ष २०७४/७५ | | आर्थिक वर्ष २०७५/७६ | | आर्थिक वर्ष २०७६/७७ | | आर्थिक वर्ष २०७७/७८ | | आर्थिक वर्ष २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत |
| १. | साउन | | | | | ० | ० | ० | ० | ११६ | ० |
| २. | भदौ | | | | | ० | ० | १६८०४८ | १४४०९ | २८९८७८ | ३४५०५३ |
| ३. | असोज | | | | | ४६३६७५ | ९०५९५३ | ७२४६७६ | ५५६५८० | १०४६५३० | ९०७९९३ |
| ४. | कात्तिक | | | | | ६५७१०४ | १४९६८५५ | ११४६०१६ | १४९८४२० | १३२४८२२ | ११८२६४९ |
| ५. | मंसिर | | | | | ८४०१३७ | १९७६५२६ | १४८३२६६ | २०००११४ | १९६३०२० | १५२८८९९ |
| ६. | पौष | | | ७२८६०० | ३९०१०० | १५६६१९६ | ३१६०८४५ | १९६१५५५ | ३३०९०९६ | २४३१९३८ | २३६५४५५ |
| ७. | माघ | | | | | २०४६५८५ | ४०६९५४३ | २३६८९७८ | ४०३८५३६ | २९०९४५७ | ३१७१०९४ |
| ८. | फागुन | | | १३५२२२१ | १२४३६२१ | २६११००८ | ५३८३७४१ | २९६३८४६ | ५६६२२३७ | ३४७०८९८ | ४२९८२८९ |
| ९. | चैत | | | | | ३०१८८८९ | ५८०४५७५ | ३५८९०५० | ७२७५६४२ | ४१२०२८२ | ५६८०७८४ |
| १०. | वैशाख | | | | | ३४९०९२२ | ६३९४२४८ | ४४७७२७१ | ८६७९२३६ | ४५५९८६५ | ६९२०७५० |
| ११. | जेठ | | | | | ४२६७५७९ | ७७८४६३७ | ५४६३७५८ | १००९५३९८ | ५३९८७३५ | ८५७९८५९ |
| १२. | असार | १४४७९५ | १५०६३७ | ५२११०३० | ८७१७००० | ६४२६९२१ | १३९८६६९६ | ८०४९०३३ | १७६०४७८८ | ७३४१६५६* | १४७८९०९२* |

*आर्थिक वर्ष २०७७/७८ को खर्च प्रतिशतका आधारमा अनुमान गरिएको।